**पाँचपोखरी थाङपाल गाउँकार्यपालिकाको बैठकको निर्णय पुस्तिका**

**आ.व. २०८२/०८३**

बैठक नं.- ३ बैठक मितिः- २०८२/०६/०७

बैठक स्थानः- गाउँपालिका

| सि.नं | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १. | गत कार्यपालिका निर्णयको समिक्षा सम्बन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८२/०५/१९ गते बसेको गाउँकार्यपालिका बैठकले गरे सबै निर्णयहरु सर्वसम्मत रुपमा समिक्षा गरियो । |
| २. | निर्माण सेवा फर्मलाई स्वीकृती दिने सम्बन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिका वडा नं ४ थाङपालकोटमा रहेको थाङपालकोट निर्माण सेवाले दिएको निवेदन अनुसार नियमानुसार पेश गरेका आवश्यक कागजात पुरा भई प्राविधिक शाखाबाट सिफारिस भई आएकाले निमानुसार घ वर्गको इजाजत पत्र दिने सर्वसम्मत निर्णय गरियो । |
| ३. | शोक प्रस्ताव पारित गर्ने सम्वन्धमा । | १. पाँचपोखरी थाङपाल गाउँपालिकाको आज बसेको कार्यपालिका बैठकले यही मिति २०८२ भाद्र २३ र २४ देशव्यापी भएको जेन्जी आन्दोलनका कममा मृतकको चिरशान्तीका लागी कामना गर्दै शोकसन्तब्ध परिवारहरुप्रती इश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भन्दै शोक प्रस्ताव पारित गर्ने सर्वसम्मत निर्णय गरियो साथै उक्त आन्दोलनका कममा भएका घाईतेहरुहरुको सिघ्र स्वास्थ्यलाभको कामना गर्ने सर्वसम्मत निर्णय गरियो ।<br><br>२. पाँचपोखरी थाङपाल गाउँपालिकाका पुर्व वडा अध्यक्ष श्री सुर्यमान दोङको यही मिति २०८२ साउन २१ गते स्वर्गाहोरण भएकाले मृतकको चिरशान्तीका लागी कामना गर्दै शोकसन्तब्ध परिवारप्रती इश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भन्दै शोक प्रस्ताव पास गर्ने सर्वसम्मत निर्णय गरियो । |
| ४. | कार्यवाहक अध्यक्ष तोक्ने सम्बन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिका अर्न्तगत रहेको पाँचपोखरी प्राथामिक अस्पताल व्यवस्थापन समितिका अध्यक्ष श्री सुर्यमान दोङको यही मिति २०८२ साउन २१ गते स्वर्गाहोरण भएकाले रिक्त रहेको अध्यक्ष पदमा सोही समितिका उपाध्यक्ष श्री गीता धिताललाई अर्को व्यवस्था नभएसम्मका लागी कार्यवाहक अध्यक्षको जिम्मेवारी तोक्ने सर्वसम्मत निर्णय गरियो । |
| ५. | विपद कार्यको भुक्तानी दिने सम्बन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिकाका अर्न्तगत विपद्जन्य कार्यमा भएका सम्पुर्ण कार्यको प्राविधिक मुल्याङकन तथा वडा कार्यालयको सिफारिस तथा विपद् शाखाको सिफारिसका आधारमा आकस्मिक सडक मर्मत शिर्षकबाट नियमानुसार भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो । |